Regd No.: 11155/056/057
PAN No.: 300516076

NATIONAL MEDICAL COLLEGE
(NATIONAL MEDICAL COLLEGE PRIVATE LIMITED)
Affiliated to Tribhuvan University, Recognized by Nepal Medical Council
Approved by the Ministry of Education, Government of Nepal

च.नं.च.नं.वी.कै.सु.०८३/०८४/०५

प्राचार्यको कार्यालय
बीरगंज, पर्सा

मिति २०८३।०८।०१

सम्बन्धित विभागमा उपस्थित हुन चौथो पटक आह्वान गरिएको
अत्यन्त जरुरी सूचना

यस नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल,बीरगंजमा अध्ययनरत स्नातकोत्तर तहका आवासीय चिकित्सकहरुको विषयमा यस कलेजबाट पटक पटक प्रकाशित सूचना मार्फत सम्बन्धित विभागमा उपस्थित भई नियमित शैक्षिक तथा क्लिनिकल गतिविधीमा फर्कन आह्वान गरिएकोमा हालसम्म पनि आ आफ्नो विभागमा अनुपस्थित रहेकोले मिति २०८३ साल कार्त्तिक २७ गते शुक्रबारका दिन शिक्षा मन्त्रालयमा मन्त्रालयका पदाधिकारीज्यू , चिकित्सा शिक्षा आयोगका उपाध्यक्षज्यू, चिकित्सा शास्त्र अध्ययन संस्थानका डीनज्यू,यस मेडीकल कलेजका अध्यक्षज्यू, प्रबन्ध निर्देशकज्यू, एडमीसन तथा मार्केटिङ डाईरेक्टरज्यू, एवम् प्रिन्सिपज्यू समेत लगायतका पदाधिकारीज्यूहरुको सम्मिलित बैठक बसी सो बैठकमा भएको छलफल तेथा समन्वयलाई समेत दृष्टिगत गर्दै शैक्षिक सत्र २०८२ का सम्पूर्ण प्रथम वर्षका स्नातकोत्तर आवासीय चिकित्सकहरुलाई आफ्नो नियमित अध्ययन तथा प्रशिक्षण कार्य पुन: सुचारु गर्न यसै सूचना मार्फत पून: चौथो पटक ध्यानाकर्षण गराईन्छ ।

अत: आ-आफ्नो सम्बन्धित विभागमा उपस्थित भई नियमित क्लिनिकल ड्युटी, शैक्षिक गतिविधि तथा प्रशिक्षण सूचारु गर्न आव्हान गरिन्छ । उपस्थिती पश्चात सम्पूर्ण शैक्षिक तथा क्लिनिकल गतिविधीहरु त्रि.वि.चि.शा.अ.संस्थानको प्रचलित नियम मापदण्ड अनुसार संचालन हुनेछ । उपस्थिती तथा क्लिनिकल ड्युटी एवम शैक्षिक गतिविधी विभागीय अनुशासन तथा स्नातकोत्तर प्रशिक्षण सम्बन्धि प्रचलित व्यवस्थाहरुको पालना गरी नियमित रुपमा आ-आफ्नो जिम्मेवारी निर्वाह गर्न सम्बन्धित सबै आवासिय चिकित्सकहरुलाई पून: जानकारी गराईन्छ । प्रथम वर्षका सम्पूर्ण स्नातकोत्तर आवासिय चिकित्सकहरुको शैक्षिक भविष्य तथा प्रशिक्षणको निरन्तरतालाई मध्यनजर गर्दै विभागमा उपस्थित भई निर्यामित क्लिनिकल ड्युटी तथा प्रशिक्षण कार्यमा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोधार्थ

१. श्री शिक्षा मन्त्रालय
प्रमुख सल्लाहकारज्यू,

२. श्री चिकित्सा शिक्षा आयोग
उपाध्यक्षज्यू,

३. श्री डीनको कार्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
श्रीमान् डीनज्यू

प्रा.डा. के.एन. सिंह
प्राचार्य
ने.मे.कलेज, बीरगंज, पर्सा

PRINCIPAL
NATIONAL MEDICAL COLLEGE
BIRGUNJ (PARSA) NEPAL

Birgunj-15, Nepal
+977-51-591014, 591320
nmc@nmcbir.edu.np
www.nmcbir.edu.np